नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**(योजना तथा अनुगमन शाखा)**

सिंहदरबार, काठमाण्डौं

प.सं.:२०७६/७७
च. नं.: १६

मितिः २०७६।०४।१०

बिषयः आ.ब.२०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाईएको सम्बन्धमा ।

श्री निजामती कितावखाना
श्री स्थानीय पूर्वाधार विभाग
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
श्री स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
श्री आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान
श्री निजामती कर्मचारी अस्पताल विकास समिति
श्री जिल्ला समन्वय समितिको कार्यालय सबै
श्री तराई-मधेश समृद्धि कार्यक्रम
श्री वहुक्षेत्रीय पोषण कार्यक्रम
श्री सङ्घीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम
श्री प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं.२०७६/७७,च.नं. १, मिति २०७६/४/1 को पत्रमा उल्लेखित आ.ब. २०७६/७७ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन ( ५७ वुँदे ) यसै पत्र साथ संलग्न छ । उक्त मार्गदर्शन बमोजिम चालु आ.ब. २०७६/७७ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

..................................
(कमल प्रसाद दाहाल)
शाखा अधिकृत

<u>वोधार्थः</u>
श्री सूचना प्रविधि शाखा
पत्र र मार्गदर्शन websiteमा Uploade को लागि।

नेपाल सरकार
# अर्थ मन्त्रालय

२०७६/७७ मार्गदर्शन

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या - १
च नं -

मिति: २०७६/४/१

आर्थिक प्रशासन
०७६।४।७

अत्यन्त जरुरी।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर:-
दर्ता मिति:-

विषयः आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

प्रिय सहकारीज्यू,

विनियोजन ऐन, २०७६ संघीय संसदबाट पारित भई मिति २०७६।३।३० का दिन सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेको व्यहोरा यहाँलाई अवगत नै छ। उक्त ऐन अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि तहाँ अन्तर्गतको निकायहरूका लागि छुट्याइएको रकमको प्रचलित कानुन बमोजिम खर्च गर्ने/गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने/गराउने समेतको जिम्मेवारी तहाँबाट हुने विश्वास लिएको छु। विनियोजन ऐन, २०७६ कार्यान्वयनको सन्दर्भमा, थप स्पष्टतासहित देहायको मार्गदर्शन तहाँको जानकारीका लागि प्रेषित गरेको छु। महालेखा परीक्षकको पछिल्ला प्रतिवेदनहरूमा उल्लिखित विवरण र बेरुजूका दृष्टान्तहरूले आर्थिक अनुशासन पालनामा सबै निकायहरू गम्भीर हुनुपर्ने देखिएको व्यहोरा पनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दछु।

आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन देहाय बमोजिम व्यवस्था मिलाइएको हुँदा सो बमोजिम गर्नु/गराउनु हुन अनुरोध गर्दछु।

(क) **अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँट**

१. मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयहरूले बजेट कार्यान्वयन गर्न सम्बन्धित इकाईलाई बजेट निकासा गर्नेछन्।

२. मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएका कुनै कार्यक्रममा संशोधन गर्नुपर्ने भएमा उद्देश्यभन्दा फरक पर्ने गरी कार्यक्रम संशोधन गर्न यस मन्त्रालयको सहमति लिनुपर्नेछ। तर चौमासिक विभाजन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनुपर्ने वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकारीले स्वयं कार्यक्रम संशोधन गर्न सक्नेछ। यसरी कार्यक्रम संशोधन गर्दा साविकको बजेट घट्ने देखिएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेपछि मात्र संशोधन गरिनेछ।

३. कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी रकम विनियोजन भएको भए २०७६ साउन १५ गतेभित्र सम्पूर्ण रकम बाँडफाँट गरी सोको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

४. खर्च शीर्षक नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने- पूँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्नु पर्नेछ। फागुन

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७ आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०

मसान्तसम्म काम शुरु नभएका कार्यक्रमहरूको बजेट तथा विनियोजित बजेट मध्ये खर्च हुन नसक्ने कार्यक्रमको बजेट चैत १५ गतेभित्र अनिवार्य रूपमा फिर्ता गर्नु पर्नेछ।

(ख) योजना/कार्यक्रम हस्तान्तरण र कार्यान्वयन

५. विनियोजन ऐन, २०७६ बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश तथा स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

६. विनियोजन ऐन, २०७६ बमोजिम प्रदेश तथा स्थानीय तहले सशर्त अनुदान अन्तर्गतका योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम आवश्यक भएमा त्यस्तो योजना/कार्यक्रमको कार्य प्रगतिको आधारमा मात्र थप रकम उपलब्ध गराउन माग गर्ने व्यवस्था मिलाउनु हुनेछ।

७. प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

८. बुँदा नं. ६ र ७ बमोजिम गरिएको व्यवस्थाको जानकारी यस मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, सम्बन्धित प्रदेश तथा स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु हुनेछ।

९. प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्ने वा बुंदा नं. ६ बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी संघको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश तथा स्थानीय तहको कार्यालयलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट संघीय निकायको रूपमा कार्यालय कोड लिई सोही कोडबाट प्रचलित संघीय कानून बमोजिमको रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ ।

१०. स्थानीय तहको योजना तथा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले संघीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक

कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने व्यवस्था मिलाउनु हुनेछ।

११. प्रदेश वा स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदानमा समावेश भएको वैदेशिक स्रोतको खर्चको विवरण तत्काल प्राप्त गरी सोधभर्ना माग गर्ने र यसको अभिलेख राख्ने व्यवस्था अनिवार्य रूपमा पालना गराउनु हुनेछ।

१२. अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्रदेश वा स्थानीय तहमा सशर्त अनुदानबाट सञ्चालन हुने योजना वा कार्यक्रम कार्यान्वयनको लागि द्विविधा पर्न गएमा समस्याको निराकरण गर्ने/गराउने व्यवस्था मिलाउनु हुनेछ।

१३. अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्रदेश वा स्थानीय तहमा सशर्त अनुदान रकमका योजना वा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा खर्चका स्वीकृत मापदण्ड लगायतका कार्यविधि सम्बन्धित प्रदेश तथा स्थानीय तहमा उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ।

१४. अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्रदेश वा स्थानीय तहमा एउटै आयोजना अन्तर्गतको सशर्त अनुदानको रकम खर्चको आधारमा एक प्रदेश तथा स्थानीय तहबाट अर्को प्रदेश तथा स्थानीय तहमा सार्न सकिनेछ।

१५. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था भए बमोजिम वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको कार्यान्वयन गर्दा दातृ निकायसँग गरेको वित्तीय सम्झौता तथा आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू पालन गर्नु हुनेछ। वैदेशिक सहायता समावेश भएको सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य कुराहरूको अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्थाहरू कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा खर्चको सोधभर्ना दातृ निकायबाट प्राप्त नहुने भएकोले उक्त व्यवस्थाहरू अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने व्यवस्था मिलाउनु हुनेछ। सम्झौता र निर्देशिकाको कागजात सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु हुनेछ।

(ग) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था

१६. कार्यक्रम/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिकाहरू तर्जुमा तथा संशोधनको कार्य साउन मसान्तभित्र र नियमावलीहरू तर्जुमा तथा संशोधनको कार्य भदौ १५ गतेभित्र सम्पन्न गर्नु हुनेछ। कार्यक्रम/आयोजनाहरू सम्पन्न गर्ने अवधिभरका लागि स्पष्ट

जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दीहरू साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्नेछ।

१७. प्रचलित कानुन बमोजिम कार्यक्रम संशोधन गर्नु परेमा, कार्यक्रम संशोधनको प्रक्रिया, रकमान्तर, स्रोतान्तर र थप निकासा लगायतका प्रक्रिया पूरा गरी LMBIS प्रविष्ट गरेपछि मात्र खरिद प्रक्रिया अगाडि बढाउनु पर्नेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम र बजेटको आधारमा बहुवर्षीय खरिद/ठेक्का गर्नु परेमा आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ बमोजिम राष्ट्रिय योजना आयोगबाट स्वीकृति लिई बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयको सहमति अनिवार्य लिनु पर्नेछ।

१८. बजेटमा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम/आयोजनाको चौमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी बोलपत्र आव्हान समेत गरी सक्नु हुनेछ। असोज मसान्तभित्र बोलपत्र मूल्याङ्कन गरी ठेक्का सम्झौता गर्नु हुनेछ। ठेक्का सम्झौता भएको १५ दिनभित्र कार्य शुरु गर्ने गरी कार्यादेश दिने व्यवस्था मिलाउनु हुनेछ।

१९. विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नरहेका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु हुने छैन।

२०. तोकिएको परिमाण, लागत, गुणस्तर र समयसीमाभित्र निर्माण कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई वित्तीय तथा गैर वित्तीय प्रोत्साहन उपलब्ध गराउने व्यवस्था मिलाउनु हुनेछ। तोकिएको गुणस्तर कायम नगर्ने र समयभित्र कार्य शुरु नगर्ने, कार्य सम्पन्न नगर्ने र कार्ययोजना अनुरूप काम नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरी निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता रद्द गर्ने व्यवस्था मिलाउनु हुनेछ।

२१. निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेपछि सम्झौता बमोजिमका सबै वा केही कार्यहरूका लागि सहायक ठेक्का सम्झौता गर्ने भएमा अनिवार्य रूपमा सम्बन्धित आयोजना प्रमुखको लिखित रूपमा पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था मिलाउनु हुनेछ। अति आवश्यक कार्यका लागि बाहेक एक तहभन्दा बढी तहमा सहायक ठेक्का सम्झौता गर्न नपाइने व्यवस्था गर्नु हुनेछ। राष्ट्रिय सतर्कता केन्द्रबाट आयोजनाको निर्माण गुणस्तरको प्राविधिक परीक्षण गराउनु हुनेछ। निर्धारित समय र लागतमा काम सम्पन्न गर्न र गुणस्तर कायम गर्न आयोजना प्रमुख तथा निर्माण व्यवसायीलाई परिणाम (Outcome) प्रति जवाफदेही हुने प्रणालीको विकास गर्नु/गराउनु हुनेछ।

२२. आयोजना प्रमुख लगायत अन्य कर्मचारीहरूलाई स्पष्ट कार्य विवरण, कार्यसम्पादन सूचकहरू, आवश्यक अधिकार एवं जिम्मेवारी र उत्तरदायित्व सहित आयोजनामा खटाउनु हुनेछ। यसरी कर्मचारी खटाउँदा कर्मचारीको योग्यता, क्षमता, अनुभव, इमान्दारिता र आयोजना कार्यान्वयनमा विगतमा हासिल गरेको सफलताको अभिलेखलाई आधार बनाउनु हुनेछ। यसै गरी आयोजनामा खटिने कर्मचारीलाई आयोजनाको प्राविधिक पक्ष, कार्यान्वयन विधि, अपेक्षित प्रतिफल र

उपलब्धि, अन्तर निकाय समन्वय लगायतका विषयहरूमा शुरुमै अभिमुखीकरण तालीम प्रदान गर्नु हुनेछ।

२३. कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु हुनेछ। पहिलो चौमासिक निकासा/भुक्तानीको लागि भौतिक प्रगति आवश्यक पर्ने छैन। दोस्रो र तेस्रो चौमासिक निकासा/भुक्तानीका लागि सो अवधिसम्मको भौतिक प्रगति न्यूनतम ५० प्रतिशत हुनु पर्नेछ।

२४. आयोजना कार्यान्वयनमा सहजता ल्याउन वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणका कार्यहरू प्रचलित कानुनमा तोकिएको न्यूनतम समयसीमा भित्र सम्पन्न गर्नु हुनेछ।

२५. वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत रोक्का रहनेछ। तर Retroactive Financing को हकमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको सहमतिमा भुक्तानी दिन सकिनेछ।

२६. कार्यक्रम/आयोजना विशेषका लागि सम्झौता भई प्राप्त हुने वैदेशिक सहयोग बाहेक अन्य ऋण तथा अनुदानको भुक्तानी दिनु पूर्व महालेखा नियन्त्रक कार्यालयमार्फत् यस मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको स्वीकृति लिनु हुनेछ। वैदेशिक स्रोततर्फको बजेट रकम खर्च गर्नु पूर्व उक्त स्रोतबाट रकम प्राप्त हुने सुनिश्चितता गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ। कुनै कारणले भुक्तानी विधि फरक परेकोमा २०७६ भदौ मसान्तभित्र परिमार्जन गर्न लेखी पठाउनु हुनेछ।

२७. बहुवर्षीय ठेक्कामा गएका कार्यक्रम/आयोजनाका लागि विनियोजित बजेटबाटै आवश्यक रकम छुट्याई कार्यान्वयन गर्नु/गराउनु हुनेछ। बहुवर्षीय ठेक्का सम्झौताबाट सिर्जित दायित्वको लागि पर्याप्त बजेट विनियोजन गरेर मात्र अन्य कार्यक्रममा बाँडफाँट गर्नु हुनेछ। नयाँ आयोजनाहरूको ठेक्का व्यवस्थापन गर्दा निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्ने व्यवस्था मिलाउने तर्फ ध्यान दिनु हुनेछ।

२८. सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा चौमासिक अवधि समाप्त भएको अर्को चौमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्न लगाउनु हुनेछ। मासिक खर्चको फाँटवारी पठाउँदा सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समेत अनिवार्य रूपमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्न लगाउनु हुनेछ। निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को चौमासिकको निकासा रोक्का गरिनेछ। समयमै सोधभर्ना माग नगर्ने आयोजना प्रमुख र लेखा प्रमुखलाई कानुन बमोजिम कारबाही गर्नु/गराउनु हुनेछ।

२९. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०६९ अनुसार मालसामान तथा वस्तु खरिद गर्ने व्यवस्था मिलाउनु हुनेछ। कार्य सम्पन्न भएपछि कामको भेरिफिकेसन गरी कार्य सम्पन्न भएको मितिले १० दिनभित्र कार्य सम्पन्न बिल तयार गर्न लगाउनु हुनेछ। बिल पेश भएको मितिले ५ दिनभित्र बिल स्वीकृत गरी भुक्तानीको व्यवस्था मिलाउनु हुनेछ।

३०. सडक ठेक्कामा दिंदा खानेपानी तथा ढल, विजुलीको पोल/तार व्यवस्थापन वा भूमिगत गर्ने समेतको काम एउटै प्याकेजमा समावेश गरी कार्यान्वयन गराउनु हुनेछ।

३१. प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागलाई अर्थ मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गर्नु/गराउनु हुनेछ।

(घ) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

३२. खर्च, राजस्व तथा धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको कम्प्युटराइज्ड प्रणालीबाट राख्ने र प्रतिवेदन गर्न समेत व्यवस्था मिलाउनु हुनेछ।

३३. चालु अनुदान अन्तर्गत विनियोजित रकमको बाँडफाँट गर्दा तलब, महँगी भत्ता, पोशाक, घर भाडा, पानी, बिजुली र सञ्चार महसुलजस्ता अनिवार्य दायित्वमा पर्याप्त रकम छुट्याई बाँकी रकम अन्य सेवा र कार्यका लागि बाँडफाँट गर्नु गराउनु हुनेछ। अनिवार्य दायित्व बापत बाँडफाँट कम गरेको कारणबाट श्रृजित दायित्वका लागि रकमान्तर र थप निकासा हुने छैन।

३४. पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम चालु खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

३५. सःशर्त अनुदानमा राखिएको रकम तोकिएका कार्यक्रमका लागि मात्र खर्च गर्नु पर्नेछ।

३६. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, औषधि उपचार, उपदान, सञ्चित विदाको रकम लगायत सबै प्रकारका भुक्तानीहरू सोझै बैंक खातामार्फत् सम्बन्धितलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

३७. स्वीकृत रकम एक बजेट उपशीर्षकबाट अर्को उपशीर्षक वा एक खर्च शीर्षकबाट अर्को खर्च शीर्षकमा रकमान्तर गर्नु परेमा घटाउने बजेट उपशीर्षक वा खर्च शीर्षकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट बजेट रोक्का राखेको जानकारी सहित रकमान्तर माग गर्नु/गराउनु हुनेछ।

३८. निर्माण स्थलको व्यवस्था, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता, मुआब्जाका लागि स्रोतको व्यवस्थापन नभई र प्रचलित कानून बमोजिम गर्नुपर्ने

वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि अर्थ मन्त्रालयबाट थप निकासा, रकमान्तर र स्रोतान्तर गरिने छैन।

३९. तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, संचार महसुल र घरभाडामा आगामी वर्षको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु/गराउनु हुनेछ। यी खर्च शीर्षकहरूबाट अर्थ मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन। सम्बन्धित निकायबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब, भत्ता बापतको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

४०. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करारका कर्मचारीहरूको व्यवस्थापन गर्नु हुनेछ।

४१. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता प्रशासनिक खर्चमा अत्यन्त मितव्ययिता अपनाई खर्च गर्नु पर्नेछ।

४२. सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रिया जस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउनु हुनेछ। सम्बन्धित संस्था वा सरकारी सभाहल उपलब्ध हुन नसक्ने अवस्थामा अधिकतम मितव्ययी हुने प्रकारले कार्यक्रम आयोजना गर्नु पर्नेछ।

४३. सकेसम्म नयाँ फर्निचर तथा कार्यालय सजावटका वस्तुहरू खरिद नगरी भएकोलाई मर्मत सम्भार गरी प्रयोग गर्नु हुनेछ। नयाँ/थप खरिद सम्बन्धी प्रस्ताव पेश गर्दा पुरानो तथा काम दिन नसक्ने अवस्थामा पुगेका फर्निचरको लिलाम अनिवार्य रूपले गर्नु हुनेछ। नयाँ स्थापना हुने कार्यालय बाहेक साबिकको कार्यालयका लागि थप फर्निचर तथा फिक्चर्स, कम्प्युटर, ल्यापटप, प्रिन्टर खरिद नगर्ने नीति अवलम्वन गर्नु हुनेछ।

४४. सार्वजनिक उपयोगका लागि जग्गाको मुआब्जा निर्धारण गर्दा मालपोत कार्यालयको रजिष्ट्रेशन प्रयोजनका लागि निर्धारण गरेको सरकारी मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।

४५. सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने र न्यूनतम आवश्यकता र सुविधा भएको घर बहालमा लिनु पर्नेछ।

४६. विषयगत निकायमा रहेका जनशक्तिको अधिकतम उपयोग गरी कार्यसम्पादन गरी बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नु हुनेछ।

४७. सार्वजनिक निकायका पदाधिकारीले कार्यालय समयमा हुने कुनै पनि सार्वजनिक निकायको बैठक वा कार्यक्रममा प्रतिनिधित्व गर्दा बैठक भत्ता वा अन्य कुनै भत्ता लिन पाइने छैन।

४८. कूटनीतिक महत्व र अन्तर्राष्ट्रिय सम्बन्धको कारण अनिवार्य रूपमा सहभागी हुनु पर्ने अन्तर्राष्ट्रिय सभा, सम्मेलन र अन्तर सरकारी बैठकमा सहभागी हुँदा लाग्ने खर्चको सम्बन्धमा अर्थ

मन्त्रालयको सहमति लिनु पर्नेछ । स्वीकृत वार्षिक कार्यक्रम भित्रको विनियोजित बजेट खर्च गरी वैदेशिक भ्रमण गर्दा नेपाल सरकार मन्त्रिपरिषद्‌ले मिति २०७५/१/१० मा स्वीकृत गरेको वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिकाको अधिनमा रही अर्थ मन्त्रालयको पूर्व सहमतिमा सानो, मितव्ययी र छोटो अवधिको भ्रमण व्यवस्था गर्नु पर्नेछ।

४९. आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्‌मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको अनिवार्य रूपमा पूर्व सहमति लिएर मात्र गर्नुपर्नेछ।

(ङ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

५०. विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ लगायतका आर्थिक व्यवस्थापनसँग सम्बन्धित प्रचलित कानुनको पालना गराई वित्तीय अनुशासन कायम गर्नु/गराउनु हुनेछ।

५१. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमासहितको कार्ययोजना बनाई कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५२. कार्यक्रम/आयोजनाको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नुपर्ने अवधि र लागत, उपलब्धी सूचक र जिम्मेवार कर्मचारी सहितको आयोजना कार्यान्वयन कार्ययोजना (Project Implementation Action Plan) साउन १५ गतेभित्र तयार गरी आयोजनास्थलमा र सम्बन्धित मन्त्रालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नु हुनेछ।

५३. कार्यक्रम तथा आयोजना कार्यान्वयनका लागि मन्त्रालय/निकायले विभागीय प्रमुख र आयोजना प्रमुखसँग गरिएको कार्यसम्पादन सम्झौता अनुरूपका क्रियाकलापलाई निश्चित भार दिई वस्तुनिष्ठ आधारमा कार्यसम्पादनस्तर मापन गरी पुरस्कार र सजायको व्यवस्था मिलाउनु पर्नेछ।

५४. निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू (आयोजनाको नाम, लागत, कार्य शुरू भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलब्धि) काम सम्पन्न नभएसम्म सर्वसाधारणको जानकारीका लागि सार्वजनिक गर्नु पर्नेछ।

५५. सरकारी कार्यालयहरू र अनुदान जाने निकायहरूको आम्दानी खर्चको विवरण मासिक रूपमा सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाउनु हुनेछ।

५६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धी सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -
च नं -

५७. आर्थिक वर्ष २०७७/७८ को बजेटमा समावेश गर्नुपर्ने नयाँ कार्यक्रम/आयोजनाको लागि चालु आर्थिक वर्षमा विनियोजित बजेटबाटै आयोजनाहरूको पहिचान, छनौट, मूल्यांकन तथा लाभ ल्यागत, विश्लेषण समेतका आधारमा आयोजना ढाँचा तयार गरी राष्ट्रिय आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि गराई २०७६ फागुन मसान्त भित्र अर्थ मन्त्रालयलाई सोको जानकारी दिनु हुनेछ।

आर्थिक वर्ष २०७६/७७ को बजेटसँग सम्बन्धित प्रकाशनहरू यस मन्त्रालयको website: www.mof.gov.np मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

(लालशंकर घिमिरे)
सचिव

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

संलग्नः

क) विनियोजन ऐन, २०७६ - १ प्रति
ख) आ.व. २०७६/७७ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - १ प्रति
ग) आ.व. २०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) - १ प्रति

<u>बोधार्थः</u>

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार।
श्री अर्थ मन्त्रालय, सबै महाशाखाहरू।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स. स. म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू. म. ४२००४१८, कानून तथा ब.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०